## महालेखा परीक्षकको कार्यालय
### बबरमहल, काठमाडौं

# लेखापरीक्षण सहायक नियुक्तिसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०४।१७)

महालेखा परीक्षकको कार्यालयले ७५ जिल्लामा स्थानीय तह तथा साबिकको स्थानीय निकायको आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गर्न लेखापरीक्षण सहायक एक महिनाको लागि आवश्यक भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र महालेखा परीक्षकको कार्यालय बबरमहलमा आफूले काम गर्न चाहेको कुनै एक जिल्लाको लागि सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवश्यक संख्याः** १७८

२. **पेस गर्नुपर्ने कागजातहरुः**

(क) वैयक्तिक विवरण (Bio-data):- नाम, ठेगाना (स्थायी, अस्थायी, व्यावसायिक), टेलिफोन, शैक्षिक योग्यता, तालिमको विवरण, कार्य अनुभव, लेखापरीक्षण क्षेत्रको विशेष अनुभव एवं कम्प्युटर सम्बन्धी दक्षता लगायतका विषयवस्तु खुलाउने,
(ख) शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको प्रतिलिपि,
(ग) प्रचलित कानुनबमोजिम मान्यता प्राप्त निकायबाट लेखापरीक्षण गर्न जारी भएको पेशागत प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुभव खुल्ने प्रमाणको प्रतिलिपि,
(ङ) स्थानीय निकाय/तहको लेखापरीक्षण अनुभव भए सोको प्रतिलिपि,
(च) लेखापरीक्षण फर्म दर्ता गरेको भए सोको प्रतिलिपि,
(छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ज) सम्बन्धित स्थानीय तहको लेखापरीक्षण कार्ययोजना (४०० शब्दमा नबढ्ने गरी) ।

३. **न्यूनतम योग्यताः**

(क) चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ३ वर्षको लेखापरीक्षण अनुभव वा व्यवस्थापनमा स्नातक तह उत्तीर्ण गरी १० वर्षको लेखापरीक्षण अनुभव वा स्नातक तह उत्तीर्ण गरी लेखापरीक्षण प्रमाणपत्र प्राप्त गरेर १० वर्षको लेखापरीक्षण अनुभव भएको,
(ख) नेपाली नागरिक,
(ग) ६५ वर्ष उमेर ननाघेको ।

४. **विशेष ग्राह्यताः** सम्बन्धित जिल्लामा स्थायी वा अस्थायी बसोबास र व्यावसायिक ठेगाना भएकालाई प्राथमिकता दिइनेछ ।

**५** **<u>लेखापरीक्षण सहायकको जिम्मेवारीः</u>** (१) स्थानीय तहको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षण सहायकको जिम्मेवारी देहायबमोजिम हुनेछः

(क) लेखापरीक्षणका लागि नियुक्त भएको स्थानीय तहमा आवश्यकताअनुसार उपस्थित हुने,
(ख) कार्यालयबाट जारी लेखापरीक्षण मानदण्ड, कार्यविधि तथा नीति निर्देशन एवं लेखापरीक्षण योजनाबमोजिम आर्थिक कारोबारसँग सम्बन्धित कागजात परीक्षण गर्ने,
(ग) लेखापरीक्षणको कार्यपत्र तयारी गर्ने, लेखापरीक्षण निष्कर्षसहित प्रतिवेदन तयार गर्ने,
(घ) आवश्यकताअनुसार स्थलगत निरीक्षण गर्ने,
(ङ) लेखापरीक्षण सम्पन्न भएपछि सम्पूर्ण कागजात टोली प्रमुखलाई बुझाउने,

(च) लेखापरीक्षणको क्रममा महालेखा परीक्षकले जारी गरेको लेखापरीक्षकहरुको आचारसंहिता, २०७० को पूर्ण परिपालना गर्नुपर्ने र

(छ) लेखापरीक्षण टोली प्रमुखको निर्देशनबमोजिम कार्य गर्ने ।

६. **<u>लेखापरीक्षण सहायकलाई दिइने पारिश्रमिक तथा सुविधाः</u>** (१) स्थानीय तहको लेखापरीक्षण गर्न नियुक्त हुने लेखापरीक्षण सहायकलाई देहायबमोजिमको मासिक एकमुष्ठ रकम पारिश्रमिकको रुपमा दिइनेछः

(क) दश वर्ष वा सोभन्दा बढी अनुभव भएको – रु ३४,५००।–

(ख) बीस वर्षभन्दा बढी अनुभव भएको – रु ३८,५००।–

(ग) चार्टड एकाउन्टेन्सी परीक्षा उर्त्तीण गरी तीन वर्षभन्दा बढी अनुभव भएको – रु ७३,०००।–

(२) एक महिनाभन्दा कम काम गरेको लेखापरीक्षण सहायकलाई दामासाहीले पारिश्रमिक भुक्तानी गरिनेछ ।

(३) पारिश्रमिक भुक्तानी गर्दा प्रचलित कानुनबमोजिम भुक्तानीमा कर कट्टा गरिनेछ ।

(४) लेखापरीक्षण सहायकलाई भ्रमण भत्ताको रुपमा एकमुष्ठ रु.५,०००।- भुक्तानी दिइनेछ । कर्णाली अञ्चलको हकमा हबाईजहाजबाट यात्रा गरेको अवस्थामा बिलबमोजिमको रकम भुक्तानी दिइनेछ ।

(५) नियुक्ति भएको जिल्लामा स्थायी वा अस्थायी बसोबास वा व्यावसायिक ठेगाना नभएको लेखापरीक्षण सहायकलाई कार्यक्षेत्रमा खटिएको दिनको प्रतिदिन रु.१,६००।- का दरले दैनिक भत्ता उपलब्ध गराइनेछ । तर काठमाडौं उपत्यकाभित्रका जिल्लामा खटिने लेखापरीक्षण सहायकलाई उक्त दैनिक भत्ता उपलब्ध गराइने छैन ।

(६) पारिश्रमिक र अन्य भत्ताको भुक्तानी लेखापरीक्षण टोली वा कार्यालयबाट गर्ने व्यवस्था मिलाइनेछ ।

७. **<u>छनौटको आधारहरुः</u>** (१) स्थानीय तहको लेखापरीक्षण गर्न इच्छुक व्यक्तिले पेस गरेको निवेदनमध्ये न्यूनतम योग्यता पुगेका सबै निवेदकहरुलाई जिल्लागत सूचीमा समावेश गरिनेछ ।

(२) जिल्लागत सूचीमा स्वीकृत आवश्यक जनशक्तिभन्दा बढी व्यक्तिको नाम सूचीकरण भएकोमा योग्यता, क्षमता, अनुभव र कार्ययोजनाको आधारमा मूल्याङ्कन गर्दा उच्च अङ्क प्राप्त गर्ने व्यक्ति छनौट गरिनेछ ।

८. **<u>विद्युतीय माध्यमबाट पठाउन सकिनेः</u>** सूची दर्ताको लागि आफै उपस्थित हुन नसक्नेले सबै कागजात संलग्न गरी विद्युतीय माध्यम (e-mail) बाट समेत निवेदन पेस गर्न सक्नेछ । कार्यालयले विद्युतीय माध्यमबाट प्राप्त निवेदनहरु समेत प्रिन्ट गरी अभिलेखन गर्नुपर्नेछ । विद्युतीय माध्यमबाट e-mail: locallevelaudit@gmail.com मा पठाउन सकिनेछ ।

१०. **<u>सूचीकृत हुनुपर्ने अन्तिम मिति र स्थानः</u>** मिति २०७४।४।३०, महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

११. प्रदेश र जिल्लागत स्थानीय तहमा आवश्यक जनशक्तिको विवरण

| **प्रदेश नम्बर १** | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| ताप्लेजुङ | २ | धनकुटा | २ |
| पाँचथर | १ | सुनसरी | ३ |
| इलाम | २ | मोरङ | ४ |
| झापा | ३ | सोलुखुम्बु | २ |
| संखुवासभा | २ | ओखलढुङ्गा | २ |
| भोजपुर | २ | खोटाङ | २ |
| तेह्रथुम | १ | उदयपुर | २ |
| | | **जम्मा** | **३०** |

| प्रदेश नम्बर २ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| सप्तरी | ४ | सर्लाही | ४ |
| सिरहा | ४ | बारा | ३ |
| धनुषा | ४ | पर्सा | ३ |
| महोत्तरी | ३ | रौतहट | ४ |
| | | **जम्मा** | **२९** |

| प्रदेश नम्बर ३ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| दोलखा | २ | ललितपुर | ४ |
| रामेछाप | २ | भक्तपुर | २ |
| सिन्धुली | २ | काठमाडौं | ६ |
| रसुवा | १ | नुवाकोट | ३ |
| धादिङ | ३ | चितवन | ३ |
| सिन्धुपाल्चोक | ३ | मकवानपुर | २ |
| काभ्रेपलान्चोक | ३ | **जम्मा** | **३६** |

| प्रदेश नम्बर ४ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| गोरखा | ३ | कास्की | ३ |
| लमजुङ | २ | मुस्ताङ | १ |
| तनहुँ | २ | बाग्लुङ | २ |
| मनाङ | १ | पर्वत | २ |
| स्याङ्जा | ३ | म्याग्दी | २ |
| | | **जम्मा** | **२१** |

| प्रदेश नम्बर ५ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| अर्घाखाँची | १ | रोल्पा | २ |
| गुल्मी | ३ | प्युठान | २ |
| रूपन्देही | ४ | दाङ | २ |
| नवलपरासी | ३ | बाँके | २ |
| कपिलवस्तु | २ | बर्दिया | २ |
| पाल्पा | २ | **जम्मा** | **२५** |

| प्रदेश नम्बर ६ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| सुर्खेत | २ | कालिकोट | २ |
| दैलेख | ३ | मुगु | १ |
| जाजरकोट | १ | हुम्ला | १ |
| डोल्पा | २ | सल्यान | २ |
| जुम्ला | २ | रुकुम | २ |
| | | **जम्मा** | **१८** |

| प्रदेश नम्बर ७ | | | |
|---|---|---|---|
| जिल्ला | आवश्यक लेखापरीक्षण सहायक | जिल्ला | आवश्यक लेखापरीक्षण सहायक |
| बझाङ | २ | दार्चुला | २ |
| बाजुरा | २ | बैतडी | २ |
| डोटी | २ | डडेल्धुरा | २ |
| अछाम | २ | कञ्चनपुर | २ |
| कैलाली | ३ | **जम्मा** | **१९** |
| | | **कुल जम्मा** | **१७८** |